बैठक संख्या: २०८२/८३-८

आज मिति २०८२/०९/२४ गते विहीबारको दिन विहान ८ वजे सिद्ध कुमाख गाउँ कार्यपालिकाको ८ औं बैठक सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री भरत गिरी ज्यूको अध्यक्षतामा सिद्ध कुमाख गाउँपालिकाको वैठकहलमा देहायको सदस्यहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरी विभिन्न निर्णयहरु गरियो।

उपस्थिति:

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भरत गिरी | अध्यक्ष | |
| २ | श्री राम बहादुर वस्नेत | उपाध्यक्ष | |
| ३ | श्री प्रतिभा वली खड्का | नि.प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री रमेश चलाउने | वडाध्यक्ष, १ नं वडा | |
| ५ | श्री मेक वहादुर बुढाथोकी | वडाध्यक्ष, २ नं वडा | |
| ६ | श्री जिवराज बोहरा | वडाध्यक्ष, ३ नं वडा | |
| ७ | श्री खर्कविर रोका | वडाध्यक्ष, ४ नं वडा | |
| ८ | श्री चुडामणी रेउले | वडाध्यक्ष, ५ नं वडा | |
| ९ | श्री बुदी कुवर | कार्यपालिका सदस्य | बुदी |
| १० | श्री आशा परियार | कार्यपालिका सदस्य | |
| ११ | श्री करुणा राना बस्नेत | कार्यपालिका सदस्य | |
| १२ | श्री मनि सार्की | कार्यपालिका सदस्य | मनि |
| १३ | श्री केशर परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री भिम बहादुर विक | कार्यपालिका सदस्य | भिम |

अन्य उपस्थिति:

१. जनकराज जोशी — बरिष्ठ लेखा अधिकृत

२. भिमलाल भण्डारी — सुचना प्रविधि अधिकृत सातौं तह

३. श्री पुष्पा बोहरा — का स पुष्पा

Scanned with CamScanner

Scanned with CamScanner

# सिद्ध कुमारव गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

ढोरचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

प.स. २०८२।८३
च.न.

मिति २०८२/०९/२४ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्धारा प्रस्तवित एजेण्डा:

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।
२. आगामी आव २०८३/८४ को आय व्यय प्रक्षेपण सम्वन्धमा ।
३. करार कर्मचारीको म्याद थप सम्वन्धमा ।
४. आव २०८२।८३ को वजेट तथा कार्यक्रम शंसोधन प्रस्ताव सभामा पेश गर्ने सम्वन्धमा ।
५. आव २०८२/८३ को संशोधित विनियोजन विधेयक सभामा पेश गर्ने सम्वन्धमा ।
६. विशेष अनुदानको वजेट बाँडफाँड सम्वन्धमा ।
७. योजना सम्झौता सम्वन्धमा ।
८. ढुङ्गा गिट्टी वालुवा र वनपैदावारको कर संकलन सम्वन्धमा
९. प्रधानमन्त्री रोजगार कार्यक्रमको वजेट बाँडफाँड सम्वन्धमा ।
१०. बोलपत्रको मान्य हुने अवधि थप सम्वन्धमा ।
११. संशोधित अल्या रकम बाँडफाँड सम्वन्धमा ।
१२. विविध ।

...मणित भयो!

Scanned with CamScanner

Scanned with CamScanner

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८२/०९/१४ गते बसेको गाउँ कार्यपालिकाको सातौं बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा व्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ आगामी आव २०८३/८४ को आय व्यय प्रक्षपण सम्बन्धमा ।**

**निर्णय नं २:**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १८ को व्यवस्था अनुसार स्थानीय तहबाट प्रत्येक पौष मसान्त भित्र पेश गर्नु पर्ने आगामि आव २०८३।८४ को आय व्ययको प्रक्षेपण प्रस्तावमा पेश भए बमोजिम स्वीकृत गरि राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं ३ सेवा करार कर्मचारीको म्याद थप सम्बन्धमा ।**

**निर्णय नं ३**

गाउँपालिका अन्तरगत करार सेवामा कार्यरत कर्मचारीहरुको २०८२ श्रावण देखि २०८२ पौष सम्मको कार्य सम्पादन मुल्याङकनका आधारमा करार तर्फ कार्यरत सबै कर्मचारीको कार्य सम्पादन मुल्यांकन सन्तोषजनक रहेकोले सेवा करार अवधि मिति २०८३ असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४ आव २०८२।८३ को बजेट तथा कार्यक्रम शंसोधन प्रस्ताव सभामा पेश गर्ने सम्बन्धमा ।**

**निर्णय नं ४:**

चालु आर्थिक वर्ष २०८२।८३ का लागि गाउँ सभाबाट विनियोजन गरिएको बजेट तथा कार्यक्रमको हाल सम्मको चालु तथा पुंजीगत खर्चको अवस्थालाई समिक्षा गर्दा गाउँपालिका तथा वडा कार्यालयबाट विनियोजित बजेट तथा कार्यक्रममा केहि संशोधन गर्नु पर्ने भएकोले बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव १८ औं गाउँ सभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ आव २०८२/८३ को संशोधित विनियोजन विधेयक सभामा पेश गर्ने सम्वन्धमा ।**

**निर्णय नं ५:**

चालु आर्थिक वर्ष २०८२।८३ को संशोधित विनियोजन विधेयक माथि व्यापक छलफल गरी १८ औं गाउँ सभाको बैठकमा पेश गर्ने निर्णय गरियो ।

अध्यक्ष

Scanned with CamScanner

## प्रस्ताव नं ६ विशेष अनुदानको बजेट बाँडफाड सम्बन्धमा ।

**निर्णय नं ६:**

यस सिद्ध कुमाख गाउँपालिकामा आव २०८२/८३ का लागि विशेष अनुदानका रुपमा शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रमका लागि रु १ करोड ३० लाख विनियोजन भइ आएकोमा सो रकमलाई विशेष अनुदान सम्वन्धि (पहिलो संशोधन) कार्यविधि, २०८२ बमोजिम तपशिलको शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिवृद्धि सम्वन्धि पूरक शैक्षिक पूर्वाधार कार्यक्रममा बजेट बाँडफाड गरी कार्यान्वन गर्ने गराउने निर्णय गरियो ।

तपशिलः

| सि.न. | कार्यक्रमको नाम | बजेट | कै |
|---|---|---|---|
| १ | विद्यालयमा मेशिनरी औजार तथा प्रविधि मैत्री कक्षा कोठा व्यवस्थापन | ८० लाख | |
| २ | विद्यालयमा फर्निचर व्यवस्थापन | २० लाख | |
| ३ | महेन्द्र आदर्श मावि वाँझकाडाको गेट निर्माण | ३ लाख | |
| ४ | हिमालय आवि माझखर्कमा घेरवार तथा गेट निर्माण | ६ लाख | |
| ५ | विद्यालयमा शौचालय निर्माण तथा मर्मत | १५ लाख | |
| ६ | बाल विकास केन्द्रहरुमा शैक्षिक सामग्री खरिद तथा व्यवस्थापन | ६ लाख | |

## प्रस्ताव नं ७ योजना सम्झौता सम्वन्धमा ।

**निर्णय नं ७:**

सिद्ध कुमाख गाउँपालिकाको आव २०८२/८३ को बार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका यस अघि र अव हुने रु ५ लाख सम्मका योजनाहरुको सम्झौता अर्को व्यवस्था नभएसम्मको लागि निमित्त प्रमुख प्रशासकीय अधिकृतबाट गर्न सकिने अधिकार दिने निर्णय गरियो ।

अध्यक्ष

Scanned with CamScanner

Scanned with CamScanner

**प्रस्ताव नं ८ ढुङ्गा गिट्टी बालुवा र वनपैदावारको कर संकलन सम्वन्धमा ।**

**निर्णय नं ८:**

सिद्ध कुमाख गाउँपालिकाको अधिकार क्षेत्र भित्र पर्ने नदि तथा खोलाहरुको ढुङ्गा गिट्टीवालुवा निकासी गर्दा कर्णाली प्रदेश सरकारको आर्थिक ऐन २०८१ वमोजिम प्रति टयाक्टर रु ४०० का दरले र खोटो तथा अन्य वन पैदावारको गाउँपालिकाको आर्थिक ऐन अनुसार निकासी कर लगाउने र राजश्व संकलन गर्न तपशिल वमोजिमका व्यक्तिलाई उठेको रकमको २० प्रतिशत प्रोत्साहन रकम उपलब्ध गराउने गरी सम्झौता गर्ने निर्णय गरियो ।

| क्र.स. | कर संकलन गर्ने व्यक्तिको नाम थर | ठेगाना | कर संकलन गर्ने स्थान | कैफियत |
|---|---|---|---|---|
| १ | झक्कु वुढाथोकी | सिद्ध कुमाख १ सल्यान | मोखला | |
| २ | नविन वली | सिद्ध कुमाख १ सल्यान | पटारे | |
| ३ | देवेन्द्र वुढाथोकी | सिद्ध कुमाख १ सल्यान | बेलउती घारी | |
| ४ | निर्मला थापा | सिद्ध कुमाख ३ सल्यान | ढोरचौर | |

**प्रस्ताव नं ९ प्रधानमन्त्री रोजगार कार्यक्रमको बजेट बाँडफाड सम्वन्धमा ।**

**निर्णय नं ९**

सिद्ध कुमाख गाउँपालिकामा आव २०८२/८३ मा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत विनियोजित बजेट रु २४ लाख ७२ हजारलाई तपशिल वमोजिम वडागत रुपमा बजेट बाँडफाड गर्ने निर्णय गरियो ।

तपशिल:

| सि.नं. | योजनाको नाम | वडा नं. | विनियोजित रकम | कामदार संख्या |
|---|---|---|---|---|
| १ | तल्लो बाँझकाँडा हुबास्ने हुदै गौथाने खोला जोड्ने गोरेटो बाटो निर्माण योजना | १ | ४,५२,४०० | ६ |
| २ | वाँसा ढुंगा वरपिपल हुदै वोरीखोला जोड्ने गोरेटो बाटो निर्माण योजना | २ | ४,५२,४०० | ६ |
| ३ | सिमपाखा देखि बालकल्याण आवी जोड्ने गोरेटो बाटो निर्माण योजना | ३ | ५,२७,८०० | ७ |
| ४ | मेल्चौरी करेंजी आर्यघाट गोरेटो बाटो निर्माण योजना | ४ | ५,२७,८०० | ७ |
| ५ | घरेली रिठा गैरा हुदै विरौठा सम्म मोटर बाटो निर्माण | ५ | ४,५२,४०० | ६ |
| जम्मा संख्या | | | २४,१२,८०० | ३२ |

Scanned with CamScanner

Scanned with CamScanner

प्रस्ताव नं १० बोलपत्रको मान्य हुने अवधि थप सम्वन्धमा ।

निर्णय नं १०:

सिद्ध कुमाख गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत तथा बोलपत्र मूल्यांकन समितिका अध्यक्ष सरुवा भइ गएको र उक्त कार्य गर्नका लागि अख्तियार प्राप्त व्यक्ति तोक्नका लागि मिति २०८२/०९/१४ गतेको गाउँ कार्यपालिकामा निर्णय भइ तालुक निकायलाई पत्र पठाएको र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नम्वर १२३५ मिति २०८२/०९/१४ गतेको पत्रानुसार खटाइएका प्रमुख प्रशासकीय अधिकृत यस कार्यालयमा हाजिर हुन नआएको कारण ढोरचौर फलाटे सडक स्तरउन्नती तथा कालोपत्रे योजना (SKRM/NCB/WORKS/2082/83-01) को बोलपत्र मान्य हुने अवधि मिति २०८२ माघ १२ गतेसम्म रहेको तर उक्त अवधिभित्र योजना सम्झौता हुन नसक्ने देखिएकोले बोलपत्र मान्य हुने अवधि सकिएको मितिले ३० दिन थप गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ११ संशोधित अल्या रकम बाँडफाँड सम्वन्धमा ।

निर्णय नं ११:

सिद्ध कुमाख गाउँपालिकाको आव २०८२/८३ को संशोधित अल्या रकम रु ६५,८६,२५१।८१ तपशिल वमोजिमका योजना कार्यक्रमहरुमा विनियोजन गरी १८ औं गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

तपशिलः

| क्र.स. | योजना तथा कार्यक्रमको नाम | विनियोजित बजेट | कैफियत |
|---|---|---|---|
| १ | स्थायी कर्मचारीको पारिश्रमिक | १,५००,०००.०० | |
| २ | वडा नं ४ को अधुरो मेसिनरी वाल तथा ट्रस्ट पुल निर्माण | ५५०,०००.०० | |
| ३ | ढोरचौर फलाटे सडक कालोपत्रे लागत साझेदारी | १,४००,०००.०० | |
| ४ | कार्यालयको अभिलेख तथा जिन्सी व्यवस्थापनको लागि फर्निचर निर्माण | १,०००,०००.०० | |
| ५ | गाउँपालिका हाताभित्रको चमेनागृह सञ्चालनको लागि फर्निचर व्यवस्थापन | २००,०००.०० | |
| ६ | वडा समिति वैठक संचालन खर्च | २३६,२५१.८१ | |
| ७ | प्रकोप व्यवस्थपन कोष | ५००,०००.०० | |
| ८ | जटिल रोगका बिरामीहरुलाई सहायता | ३००,०००.०० | |
| ९ | पशु सेवाको डिस्पेन्सरी भवन व्यवस्थापन | १००,०००.०० | |
| १० | महेन्द्र आदर्श मा वि अपुरो भवन निर्माण | ८००,०००.०० | |

Scanned with CamScanner

Scanned with CamScanner